# संसदमा आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरूको आवाजको लागि जनमत संग्रह

अष्ट्रेलियाका मानिसहरू धेरै देशहरूबाट आएका छन्, विभिन्न धर्महरू मान्छन् र धेरै भाषाहरू बोल्छन्। आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरू अष्ट्रेलियाको पहिलो जनताहरू (First Peoples of Australia) हुन् र 65,000 भन्दा बढी वर्षदेखि यहाँ बसोबास गर्दै आएका छन्। तर अष्ट्रेलियाको संविधानले उनीहरूको अद्वितीय हैसियतलाई मान्यता दिएको छैन। त्यसैले यो वर्षको उत्तरार्धमा हामी संविधान संशोधनको लागि जनमत संग्रह गर्न सक्नेछौं। सबै अष्ट्रेलियाली नागरिकहरूले हाम्रो संविधानमा आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूलाई एक आवाज मार्फत मान्यता दिने अवसर पाउनेछन्, जुन आवाजले उनीहरूलाई असर गर्ने मुद्दाहरूमा उनीहरूको सुनुवाइ सुनिश्चित गर्नेछ।

## हृदय देखिको ऊलुरू वक्तव्य (Uluru Statement from the Heart) भनेको के हो?

मे 2017 मा, 250 भन्दा बढी आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले हृदय देखिको ऊलुरू वक्तव्य (Uluru Statement from the Heart) जारी गरे। यसले हामीलाई सम्पूर्ण अष्ट्रेलियाको लागि राम्रो भविष्य सिर्जना गर्न र अष्ट्रेलियाको संविधानमा आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूको आवाज समावेश गर्न आग्रह गर्दछ।

## आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर आवाज भनेको के हो?

संसदमा आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर आवाज भनेको आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूको तर्फबाट उनीहरुलाई असर गर्ने कानून र नीतिहरूको बारेमा सरकारलाई सुझाव दिने एक तरिका हो।

## जनमत संग्रह भनेको के हो?

जनमत संग्रह तब हुन्छ जब मतदातालाई दिईएको प्रश्न वा प्रश्नहरूको उत्तर 'हो' वा 'होइन' मा दिन अनुरोध गरिन्छ । अष्ट्रेलियाको संविधान संशोधन गर्ने एक मात्र विकल्प जनमत संग्रह हो ।

## जनमत संग्रहमा कसले मतदान गर्न सक्छ?

मतदान गर्न नाम दर्ता गरेकाहरूले मात्र जनमत संग्रहमा मतदान गर्न सक्नेछन् । नामाङ्कन गरेका मतदाताहरूले जनमत संग्रहमा अनिवार्य मतदान गर्नु पर्छ।

## जनमत संग्रहमा मैले कसरी मतदान गर्ने?

जनमत संग्रह भनेको चुनाव जस्तै हो। मतदानको दिन, तपाईं मतदान स्थलमा जान सक्नुहुन्छ र मतपत्रमा मतदान गर्न सक्नुहुन्छ।

## जनमत संग्रहमा कसरी परिणाम आउँछ?

जनमत संग्रह सफल हुनका लागि दोहोरो बहुमतको आवश्यकता पर्छ। यसको मतलव अष्ट्रेलियाभर कमसेकम चार राज्यमा र सम्पूर्ण अष्ट्रेलियामा बहुमत आउनु पर्छ ।

## आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर आवाजको लागि जनमत संग्रह कहिले हुन्छ?

आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर आवाजको लागि जनमत संग्रह यसै वर्षको अन्त्यतिर हुनेछ।

## आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर आवाजको लागि हुने जनमत संग्रहमा के प्रश्न राखिनेछ?

"एक प्रस्तावित कानून: आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर आवाज स्थापना गरेर अष्ट्रेलियाको पहिलो जनताहरूलाई मान्यता दिन संविधान परिवर्तन गर्ने । के तपाईं यो प्रस्तावित परिवर्तनलाई अनुमोदन गर्नुहुन्छ?"

## यो जानकारी पत्र कसले सिर्जना गर्यो?

यो जानकारी पत्र Life Without Barriers, Reconciliation Australia, SNAICC – National Voice for our children, Yes Alliance तथा Polaron Language Services को संयुक्त प्रयासले सिर्जना गरिएको थियो । आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर आवाजको बारेमा जानकारी पाउन सुगम बनाउन सहयोग गर्न यो साझेदारी स्थापना गरिएको हो।

थप जानकारी

www.lwb.org.au



द्वारा अधिकृत Tabatha Feher, Life Without Barriers, L6, 107 Pitt St, Sydney, NSW.